## प्रस्तावित.कर्पोरेट शाखाको आन्तरिक संरचना (ले–आउट) निर्माण तथा फर्निसिङ्ग कार्यको

## बोलपत्र आव्हानको सूचना

## (गो.प.मा प्रथम पटक प्रकाशित मिति २०७२।०३।२९)

यस बैंकको केन्द्रीय कार्यालय भवन भित्र कर्पोरेट शाखा संचालनको लागि आन्तरिक संरचना (ले–आउट) निर्माण तथा फर्निसिङ्ग कार्य गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस बिभागमा आईपुग्ने गरी इच्छुक, योग्य एवं सम्वन्धित काममा अनुभव प्राप्त रजिस्टर्ड ठेकेदार कम्पनी / फर्मबाट रितपूर्वकको शिलबन्दी वोलपत्र यस बैंकमा दाखिला गर्न वा **E-Bidding** को माध्यमबाट वोलपत्र पेश गर्न चाहेमा सोही समय भित्र सम्वन्धित **web-site** मा **Scanned PDF Copy Upload** गर्न सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आन्तरिक संरचना (ले–आउट) निर्माण तथा फर्निसिङ्ग कार्य सम्बन्धि संक्षिप्त विवरण:**

| क.सं | वोलपत्र नं | कार्य बिबरण | वोलपत्र दस्तुर | धरौटी रकम | कार्यावधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **RBB/ MW 05/071/072** | कर्पोरेट शाखा संचालनको लागि आन्तरिक संरचना (ले–आउट) निर्माण तथा फर्निसिङ्ग कार्य | ३०००।०० (तिन हजार मात्र) | कबोल रकमको ५% | १२० दिन मात्र । | |

**वोलपत्रका शर्तहरु:**

१) यस बैंकका कुनैपनि शाखा कार्यालय स्थित बैंकको आम्दानी अन्य (९५९९०२०००) हिसाबमा वोलपत्र दस्तुर बापत फिर्ता नहुने उपरोक्त रकम जम्मा गरी सोको सक्कल अर्धकट्टी भौचर यस विभागमा पेश गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरि ३१ औ दिनको १२:०० बजे भित्र बोलपत्र दाखिला गरि सक्नु पर्नेछ र सोही दिनको १४:०० बजे बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा उक्त वोलपत्रहरु यस विभागमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२) वोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन उपरोक्त वमोजिमको समयमा नै वोलपत्र दर्ता एवं खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रित नपुगी दाखिला भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३) बोलपत्र कागजातका साथ नविकरण गरिएको कम्पनी र फर्म दर्ता प्रमाणपत्र,व्यवसाय दर्ताको इजाजतपत्र,मूल्य अभिबृद्धि कर दर्ता (VAT) प्रमाणपत्र तथा स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र एवम आ.व. २०७०/ ०७१ को कर चुक्ता प्रमाणपत्र नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि पेश गर्नु पर्नेछ । कम्पनी( प्रा.लि.। लि).को हकमा प्रवन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेस्ता,प्रोप्राइटार साझेदार, संचालकहरुको प्रोप्राइटरको नागरिकताको प्रमाणपत्र नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ । यसका साथै बोलपत्रदाताको खरीद कारवाहीमा अयोग्य नभएको, स्वार्थ नवाझिएको र पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वयम घोषणा गरिएको स्वघोषण पत्र,फर्मको बिगत वर्षको कार्य अनुभवको विवरणमा कम्तिमा तीनवटा "क" श्रेणीका वाणिज्य बैंकको आन्तरिक संरचना(ले–आउट) निर्माण तथा फर्निसिङ्ग कार्य गरेको हुनु पर्ने, विगत ५ बर्ष मध्ये कुनै ३ बर्षमा रु.१.५ करोड भन्दा बढीको (टर्न ओभर) निर्माण कार्य गरेका प्रमाणित कागजात पेश गरेको हुनु पर्नेछ । तथा विगत ३(तीन) आर्थिक वर्षको आर्थिक विवरण खुल्ने **Audit Report** कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश समेत गर्नु पर्नेछ ।

४) कम्पनी तथा साझेदारी फर्मको हकमा बोलपत्रमा भाग लिने निर्णय तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको सञ्चालक समिति तथा साझेदारी फर्मको साझेदार विचको निर्णय (माईन्यूट) अनिवार्य रुपमा बोलपत्रका साथ पेश गर्नुपर्नेछ । साथै बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिको सही तथा फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

५) वोलपत्र पेश गर्दा धरौटी वापत वोलपत्रमा कबुल गरेको रकमको ५ प्रतिशतले हुने रकम सुरक्षित धरौटी अर्नेष्ट मनी शिर्षकको हिसाव नं.९१६१२०००० मा यस वैंकको कुनै शाखामा जम्मा गरेको अधकट्टी सक्कल भौचर वा सो बराबरको रकमको यस बैंक बाहेक अन्य "क" श्रेणीको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा १२० दिन मान्य अवधिको बोलपत्र जमानत (बैंक ग्यारेन्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६) बोलपत्रको मान्य अवधी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि ९० दिनको हुनेछ ।

७) वोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुंदैन । कथम कदाचित अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा एकाई दररेट सम्बन्धी अधुरो रहेको वोलपत्र स्वत: रद्ध हुनेछ ।

८) घटी वा बढी रकमको वोलपत्र स्वीकृत । अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ ।

९) बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि बोलपत्रदाताले आफुले कबोल गरेको अंकको १० प्रतिशत बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य बैंक ( यस बैंक बाहेक) बाट जारी भएको कार्य सम्पादन जमानत (परफमेन्स बण्ड) पेश गरिसकेपछि मात्र सम्झौता गरि कार्यादेश दिईनेछ ।

१०) नेपाल सरकारको नियमानुसार लाग्ने कर र रिटेन्सन मनी ( रा.वा. बैंक लि. आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप तथा अन्य प्रचलित कर समेत भुक्तान हुने विलबाट कटाई वांकी रकम भुक्तानी दिइनेछ र कर वापतको रकम सम्वन्धित राजश्व खातामा जम्मा गरिनेछ ।

११) यो सुचनामा छुट हुन गएका अन्य शर्त एवं विषयहरु वोलपत्र कागजातमा उल्लेख भए अनुसार वा सार्वजनिक खरीद ऐन २०६३ तथा यस बैकको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस बैंकको केन्द्रीय कार्यालय सम्पत्ति व्यवस्थापन विभाग, टेकुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२) यो सूचना यस बैकको web-site www.rbb.com.np मा समेत उपलब्ध छ ।

१३) **E-Bidding को माध्यमबाट पनि बोलपत्र पेश गर्न सकिने सम्बन्धमा**

क) E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यलयको पोर्टल www.bolpatra.gov.np मा Bidder को रुपमा Registration गरि सो पोर्टलको Home Page मा Bidder को रुपमा Login गरि प्राप्त निर्देशानुसार बोलपत्रदाताको बोलपत्रमा भाग लिन सकिनेछ ।

ख) E-Bidding को माध्यमबाट पनि बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु तथा बोलपत्र फाराम वापत तिरेको दस्तुर भौचर समेत Scan गरि PDF format मा www.bolpatra.gov.np को सम्बन्धित पेजमा Upload गर्नुपर्ने छ ।

ग) E-Bidding बाट बोलपत्र पेशगर्दा पनि तोकिएको मिति र समयभित्रै बोलपत्र Upload गरिसक्नुपर्नेछ र Upload भएका बोलपत्रहरु पनि तोकिएकै मिति र समयमा खोलिनेछ । Upload गरिएका कागजातहरुको सक्कलै प्रति बोलपत्र खोलेको ७ दिनभित्र बोलपत्रदाताले अनिवार्य पेश गर्नुपर्नेछ । साथै बोलपत्र खोल्ने दिन , समयमा E-bidding बाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सक्कल बैक ग्यारेन्टी वा नगद जम्मा गरेको भए सक्कल भौचर अनिर्वाय पेश गर्नुपर्नेछ ।

घ) एकै बोलपत्रदाताले E-bidding को माध्यम वा सिलबन्दी बोलपत्र मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन । यदि दुवै माध्यमको प्रयोग गरि बोलपत्र पेश गरेमा त्यस्तो दुवै बोलपत्र स्वत: रद्द हुनेछ ।


**.राष्ट्रिय वाणिज्य बैंक लि**

**केन्द्रिय कार्यालय**

**सम्पत्ति व्यवस्थापन बिभाग**

**टेकु, काठमाण्डौ**

**फोन:४२४१२४८,४२४३३२३,फ्याक्स नं ४२४५०५६**